# बन्दिपुर गाउँपालिका

## कार्यपालिका बैठक माइन्युट

| मितिः २०८३।०३।०८ सोमबार | बैठक संख्याः १९ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | कमल बहादुर के.सी. | सदस्य-सचिव | |

**एजेन्डाहरूः**

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। |
| २. | आ.व २०८३/०८४ को निती तथा कार्यक्रम सम्बन्धमा। |
| ३. | आर्थिक विधेयक तथा विनियोजन विधेयक सम्बन्धमा। |
| ४. | वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धमा। (वजेट वक्तवय) |
| ५. | आ.व ०८१/०८२ को म.ले.प प्रतिवेदन लगायत अन्य समितिको प्रतिवेदन। |
| ६. | घर नक्सा प्रयोजनका लागि खोला खोल्सीको मापदण्ड कार्यविधि सम्बन्धमा। |
| ७. | अन्य विधेयक एबं कार्यविधि सम्बन्धमा। |
| ८. | ठेक्का तथा खरिद ब्यबस्थापन सम्बन्धमा। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | |
|---|---|
| ९. | पत्र पत्रिकामा सूचना प्रकाशन बापतको रकम भुक्तानी सम्बन्धमा । |
| १०. | विषयगत समिति प्रतिवेदन सम्बन्धमा । |
| ११. | बन्दीपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सिफारिस समितिको प्रतिबेदन सम्बन्धमा । |
| १२. | नियमावली/निर्देशिका संशोधन सम्बन्धमा । |
| १३. | राजश्व परामर्श समितको सिफारिस सम्बन्धमा । |
| १४. | नियमावली/निर्देशिका संशोधन सम्बन्धमा । |
| १५. | बिभिन्न योजनाहरुको भुक्तानी सम्बन्धमा । |
| १६. | समिति विघटन सम्बन्धमा। |
| १७. | ठेक्काहरुको म्याद थप सम्बन्धमा । |
| १८. | आर्थिक सहयोग तथा भुक्तानी सम्बन्धमा । |
| १९. | बन्दीपुर क्याम्पस शिक्षक अनुदान सम्बन्धमा । |
| २०. | चिज कुमार- विष्णु कुमारी सामुदायिक क्याम्पस शिक्षक अनुदान सम्बन्धमा |
| २१. | दुध उत्पादनमा आधारित प्रतिलिटर २(दुई) रुपैंया अनुदान कार्यक्रमको याम्पाफाँट दुग्ध उत्पादक सहकारी संस्थालाई भुक्तानी सम्बन्धमा । |
| २२. | गरिब निमुखा जेहेन्दार विद्यार्थीलाई प्राबिधिक शिक्षा छात्रवृति सम्बन्धमा । |
| २३. | रकमान्तर सम्बन्धमा । |
| २४. | बन्दीपुर इसाई समाजलाइ धार्मिक महोत्सब क्रिसमस दिबसको भुक्तानी सम्बन्धमा । |
| २५. | उपभोक्ता समितिबाट संचालित योजनाको म्याद थप सम्बन्धमा । |
| २६. | भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको नाप जाँच मा खटिने कामदारहरुको पारिश्रमिक भुक्तानी सम्बन्धमा । |
| २७. | पहाडकी रानी बन्दिपुर पुस्तक प्रकाशन आर्थिक सहायतता । |
| २८. | वर्षे सुडान घाँसको ५०% अनुदान रकम याम्पा फाँट दुग्ध उत्पादक सहकारी संस्थालाइ भुक्तानी दिने सम्बन्धमा । |
| २९. | आधुनिक कृषि मेशिनरी कार्यक्रमको लागि आवेदक छनौट सम्बन्धमा । |

**बन्दिपुर गाउँपालिका**

**कार्यपालिका बैठकका निर्णयहरु:-**

**मिति:-२०८३/०३/०८**

| नि.नं. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | अघिल्लो वैठकको समिक्षा सम्बन्धमा । | बन्दीपुर गाउँपालिका अघिल्लो गाउँ कार्यपालिका वैठकमा भएका निर्णयको सम्बन्धमा छलफल गरि समिक्षा गरियो । |
| २. | आ.व ०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा | बन्दीपुर गाउँपालिकाको आ.व ०८३/०८४ को नीति तथा कार्यक्रम माथि छलफल गरि मिति २०८३/०३/१० गतेको गाउँसभामा पेश गर्ने निर्णय गरियो। |
| ३. | आर्थिक विधेयक तथा विनियोजन विधेयक सम्बन्धमा । | बन्दीपुर गाउँपालिका विधायन समितिवाट पेश भएका तपसिलका विधेयक उपर छलफल गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।<br>क. आर्थिक विधेयक, २०८३ |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | ख. विनियोजन विधेयक २०८३ आर्थिक सहयोग तथा भुक्तानी सम्बन्धमा। |
| ४. | वार्षिक वजेट तथा कार्यक्रम सम्बन्धमा (वजेट वक्तव्य) | बन्दीपुर गाउँपालिकाको आ.व ०८३/०८४ को वार्षिक वजेट तथा कार्यक्रम (वजेट वक्तव्य) माथि छलफल गरि मिति २०८३/०३/१० गतेको गाउँसभामा पेश गर्ने निर्णय गरियो। |
| ५. | आ.व २०८१/०८२ को म.ले.प प्रतिवेदन सम्बन्धमा। | आ.व. २०८१/८२ को महालेखापरीक्षक द्वारा गरिएको अन्तिम लेखापरिक्षणको प्रतिवेदन प्राप्त भई कैफियत सहितका राय अवगत भयो। उक्त प्रतिवेदनमा उल्लेख भए बमोजिमको सुधार गर्न, बेरुजु फछ्यौंट गर्न र वित्तीय अनुशासन कायम गर्नकालागि लेखा समितिमा दफाबार छलफल गरी २०८३/०३/१० गते हुने १९ औंगाउँसभामा पेश गर्ने निर्णय गरियो। |
| ६. | अन्य विधयेक तथा कार्यविधि सम्बन्धमा। | १. बन्दीपुर गाउँपालिकाको विधायन समितिवाट पेश भएका तपसिलका विधेयक उपर छलफल गरि गाउँ सभामा पेश गर्ने निर्णय गरियो<br>क. बन्दीपुर गाउँपालिका जनस्वास्थ्य ऐन २०८३<br>ख. बन्दीपुर गाउँपालिका कर तथा गैर कर राजश्व सम्बन्धी व्यवस्था गर्न वनेको ऐन, २०८३<br>ग. बन्दीपुर गाउँ विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०८३<br>घ. घ बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी व्यवस्था गर्ने बनेको नियमावली, २०७५ को पहिलो संशोधन, २०८३<br>२. बन्दीपुर गाउँपालिकाको विधायन समितिबाट पेश भएका तपसिलका कार्यविधि उपर छलफल गरि पास गर्ने निर्णय गरियो।<br>क. बन्दीपुर गाउँपालिका नदीजन्य पदार्थको अमानतमा विक्रि तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३<br>ख. घर नक्सा प्रयोजनका लागि खोला खोल्सीको मापदण्ड ,२०८३<br>ग. दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका, २०८०<br>घ. "बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरुको थप सुबिधा सम्बन्धि कार्यविधि: २०८२" संसोधन गरी "बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सक एवम् कर्मचारीहरुको थप सुबिधा सम्बन्धि कार्यविधि, (पहिलो संसोधन) २०८३ |
| ७. | राजश्व परामर्श समितको सिफारिस सम्बन्धमा। | क. राजश्व परामर्श समितिवाट सिफारिस भई कार्यपालिकामा छलफलको लागि आएको तपसिल वमोजिमको मुख्य बुदा भएको राजश्व परामर्श समितिको निर्णयमाथि छलफल गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो।<br>**तपशिल** |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | • कर तथा गैरकर समायोजन सम्बन्धमा<br>• आन्तरिक आय प्रक्षेपण सम्बन्धमा<br>• राजश्व छुट र जरिवाना सम्बन्धमा।<br>• सिद्धगुफा तथा अन्य सार्वजनिक पर्यटकिय स्थलको सम्बन्धमा।<br>• जिप सफारी व्यावसाय दर्ता सम्बन्धमा।<br>• आर्थिक वर्ष ०७६/०७७ देखि २०७९/८० को अवधिमा नविकरण नभएको व्यावसाय नविकरण गर्दा लाग्ने जरिवाना शुल्क छुट सम्बन्धमा।<br>• करारोपण सम्बन्धमा।<br>• फोहोरमैला शुल्क सम्बन्धमा।<br>• डम्पिङ साइडको कवाडी संकलन सम्बन्धमा।<br>• कवाडी शुल्क संकलन सम्बन्धमा।<br>• पटके व्यापारी सँग कर संकलन सम्बन्धमा। |
| ८. | पत्रपत्रिकामा सूचना प्रकाशन वापतको रकम भुक्तानी सम्बन्धमा। | विभिन्न मितिमा सूचना प्रकाशन वापत विभिन्न मितिमा बिल पेश भएकाले अनुसूची ३ बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।<br>(विवरण तालिका नं. ३ मा संलग्न छ) |
| ९. | नियमावली/निर्देशिका संशोधन सम्बन्धमा। | बन्दीपुर गाउँपालिकामा रहेको तपशिलको नियमावली तथा निर्देशिकाहरु संशोधनका सम्बन्धमा छलफल गरि १९ गाउँसभामा संशोधनका लागि पेश गर्ने निर्णय गरियो।<br>क. घ वर्गको निर्माण व्यावसायी ईजाजत सम्बन्धी व्यवस्था गर्न बनेको नियमावली, २०७५ को पहिलो संशोदन ,२०८३<br>ख. दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका, २०८० को पहिलो संशोधन, २०८३ |
| १०. | बन्दीपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सिफारिस समितिको प्रतिबेदन सम्बन्धमा। | बन्दीपुर गाउँपालिकाको मिति २०८३/२/२७ गते गठन भएको संगठन तथा व्यवस्थापन (O&M) सिफारिस समितिको प्रतिबेदन उपर बिस्तृत छलफल द्वारा बन्दीपुर गाउँपालिकाको विद्यमान संगठन संरचना, दरबन्दी, कार्यबोझ, सेवा प्रवाह र मौजुदा जनशक्तिको बिश्लेषण एबं आवश्यक पर्ने जनशक्ति/दरबन्दी, थप हुन आउने तलब भत्ता लगायतका सुबिधाको खर्च र त्यस्तो खर्च बेहोर्ने स्रोत समेतको सुनिश्चित हुने गरि दरबन्दी निर्धारण तथा |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | प्रस्तावित संगठन संरचना, संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षणलाइ पारित गर्ने निर्णय गरियो साथै उक्त प्रस्तावलाई पारित गराउन गाउँ सभामा प्रस्ताब पेश गर्ने निर्णय गरियो ।<br>क. ५ शैयाको डुम्रे आधारभुत अस्पतालको संगठन तथा व्यवस्थापन (O&M) तर्फ १८ (अठार जना) को दरबन्दी सृजना गर्ने निर्णय गरियो । (संलग्न सिफारिसको अनुसूची १ बमोजिम)<br>ख. बन्दीपुर अस्पताल तर्फको ओ एण्ड एम स्थायी २८ (अठ्ठाइस) जनामा थप २२ (बत्तीस जना) गरि जम्मा ५० (पचास जना) को दरबन्दी सृजना गर्ने निर्णय गरियो । (संलग्न सिफारिसको अनुसूची २ बमोजिम)<br>ग. बन्दीपुर गाउँपालिका कार्यालयको संगठन तथा व्यवस्थापन (O&M) तर्फ जम्मा ८ (आठ जना) को दरबन्दी सृजना गर्ने निर्णय गरियो । (संलग्न सिफारिसको अनुसूची ३ बमोजिम) |
| ११. | विषयगत समिति प्रतिवेदन सम्बन्धमा । | बन्दीपुर गाँपालिकामा रहेका तपशिल वमोजिमका विषयगत समितिहरुवाट पेस भएको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने निर्णय गरियो ।<br>क. सुशासन तथा संस्थागत विकास समिति<br>ख. सामाजिक विकास समिति<br>ग. आर्थिक विकास समिति<br>घ. पूर्वाधार विकास समिति<br>ङ. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति |
| १२. | समिति विघटन सम्बन्धमा। | बन्दीपुर गाउँपालिकामा रहेका सिद्धगुफा विकास समित र पर्यटन विकास समिती बन्दीपुरको वर्तमान कार्यसमितिको कार्यकाल समाप्त भएको , समितिको पुनर्गठन आवश्यक रहेको , संस्थागत सुधार, व्यवस्थापनमा एकरुपता कायम गर्ने, उत्तरदायित्व तथा प्रभावकारीता अभिवृद्धि गर्ने उदेश्यले हालको समितिलाई विघटन गर्ने र सिद्धगुफा विकास समितिले गाउँपालिकालाई वुझाउन वाँकी रहेको वक्यौता रकम असार मसान्त भित्र दाखिला गर्नुपर्ने र सो अवधीमा दाखिला नगरे प्रचलित कानुन वमोजिम असुल गर्ने प्रकृया अगाडी वढाउने निर्णय गरियो साथै विघटन भएको उक्त समितिको नयाँ समिति गठन प्रकृया अगाडि निर्णय गरियो । |
| १३. | आर्थिक सहयोग तथा भुक्तानी सम्बन्धमा । | (१.) बन्दीपुर गाउँपालिका वडा नं. २ स्थित धनटारमा टुरिजम बाट रु एक लाख वजेट विनियोजन भएको हुँदा गाउँपालिकाको होमस्टे सर्किट तथा प्रबर्धन शिर्षक (२२५२९) बाट धान दिवस मनाउदा लागेको खर्च भुक्तानी दिने निर्णय गरियो । |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | (२.) बन्दीपुर गाउँपालिका वडा नं.३ खर्च शिर्षक २२५२९ अध्यक्ष कप फुटबल, भलिबल, ब्याडमिन्टन तथा अन्य खेलखुद शिर्षकबाट सेराटार युवा क्लवलाई रु ३००००/- तिस हजार सहयोग गर्ने निर्णय गरियो ।<br>(३.) बन्दीपुर गाउँपालिका वडा नं. १ स्थित विष्णु मा.वि नहालालाई रु १००००० (अक्षरुपी १ लाख रुपैया) अन्य संस्था सहायता शिर्षकवाट दिने निर्णय गरियो ।<br>(४.) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ गतेको वैठकवट स्वीकृत शासकीय सुधार सम्बन्धी १ सय कार्य सूचिको बुदा नं. २ संग सम्बन्धित कार्यको लागि भूमि समस्या समाधान समिति जिल्ला समिती तनहुँ वाट लगत संकलन तथा प्रमाणिकरणका कामकाजको लागि खटि आएको कर्मचारी श्री विजया पोख्रेलको खाना,खाजा, र वास वापतको रकम रु ४५,०५०/-(अक्षरुपी पैतालिस हजार पचास रुपैया) ब.उ.शि ८०४३८५०५१०६ फिल्ड चेकजाँच गर्दा खाना, खाजा र यातायात भाडा खर्च शिर्षकवाट भुक्तानि दिने निर्णय गरियो ।<br>(५.) बन्दीपुर १ स्थित रहेको जनज्योती यूवा क्लव रिमाल्नी भुडाटारलाई रु १५,०००/- सहयोग गर्ने निर्णय गरियो ।<br>(६) बन्दीपुर गाउँपालिका वडा नं. २ निवासी जुम्वा वोगटि सार्की(ना.प्र.प.नं. ४३३०२८/१२०) लाई रु १०,०००/- सहयोग गर्ने निर्णय गरियो ।<br>(७) बन्दीपुर गाउँपालिका वडा नं. १ स्थित रहेको बि.एण्ड पि. स्टोर्सले बन्दीपुर १ निवासि गोविन्द घले परियारलाई रु ५,०००/- (अक्षरुपी पाच हजार रुपैया) वरावरको सामग्री हस्तान्तरण गरेको हुँदा उक्त सामग्री वापतको रकम बि.एण्ड पि. स्टोर्सलाई रु ५,०००/- (अक्षरुपी पाँच हजार रुपैया भुक्तानी दिने निर्णय गरियो)<br>(८.) अध्यक्ष कप फुटबल, भलिबल, ब्याडमिन्टन तथा अन्य खेलखुद शिर्षकबाट बन्दीपुर -६ स्थित सिद्द बाबा आमा समुहले आयोजना गरेको भलिबल प्रतियोगितालाइ रु.६००००/- साठी हजार भुक्तानि दिने निर्णय गरियो । |
| १४. | बिभिन्न योजनाहरुको भुक्तानी सम्बन्धमा । | यस गाउँपालिकाको चालु आ.ब. ०८२/८३ मा उपभोक्ता समितिबाट (निजि/व्यक्तिगत, सार्बजनिक/ऐलानी, बन प्रकृति,) लगायतका जग्गामा निर्माण भएका सामुदायिक भवन तथा अन्य प्रकृतिका योजना तथा बिकास संरचनाहरुको हाल सम्म भुक्तानी रोकिएकोमा त्यस्ता प्रकृतिको जग्गामा निर्माण भएका सबै योजनाहरुको भुक्तानी दिने निर्णय गरियो । |
| १५. | ठेक्का तथा खरिद ब्यबस्थापन सम्बन्धमा । | बन्दीपुर गाउँपालिकाद्वारा यस आ.व. २०८२/८३ र विगतका आ.व. हरुमा बन्दोबस्त गरेका ठेक्काहरु यथाशीघ्र सम्पन्न गर्नका लागि निर्माण व्यवसायीहरुलाई ताकेता गर्ने, संघ र प्रदेश सरकारको अनुदान (विशेष, समपूरक र ससर्त) बाट संचालित आयोजनाहरु सम्भव भएसम्म यसै आ.व.मा सम्पन गराई भुक्तानी दिने, तोकिएको समयमा निर्माण कार्य सम्पन्न |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | नगर्ने निर्माण व्यवसायीहरुलाई प्रचलित कानून बमोजिमको प्रक्रिया समेत अगाडी बढाउने साथै संघ र प्रदेस सरकारबाट विभिन्न समयमा प्राप्त सुझावहरु पूर्ण रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो । |
| १६. | पहाडकी रानी बन्दिपुर पुस्तक प्रकाशन आर्थिक सहायता । | बन्दीपुर गाउँपालिकाको गाउँ सभाबाट आ.ब.२०८२/८३ मा पहाडकी रानी बन्दिपुर पुस्तक प्रकाशन अनुदान भनि बजेट बिनियोजन भएकोले सोहि शीर्षकबाट खर्च बेहोर्ने गरि "पहाडकी रानी बन्दिपुर" पुस्तकका लेखक श्री डिल्लीराम मिश्रलाई रु.१०००००/-एक लाख रुपयाँ आर्थिक सहायता गर्ने निर्णय गरियो । |
| १७. | ग्रीन आर्मी बन्दिपुरको प्रस्ताब सम्बन्धमा । | बन्दीपुर गाउँपालिकाको गाउँ सभाबाट आ.ब.२०८२/८३ मा "ग्रिन आर्मी बन्दीपुर" भनि बजेट बिनियोजन भएकोले सोहि शीर्षकबाट खर्च बेहोर्ने गरि उक्त कार्यक्रम सन्चालन गर्नका लागि ग्रिन आर्मी नेपालले पेश गरेको प्रस्ताब स्वीकृत गरि कार्यक्रम सम्पन्न पश्चात भुक्तानी दिने निर्णय गरियो। |
| १८. | ठेक्काहरुको म्याद थप सम्बन्धमा । | बन्दीपुर गाउँपालिकामा संचालित तपसिलका ठेक्काहरुको म्याद थपको लागि निबेदन प्राप्त भएकोले निम्न बमोजिम म्याद कायम हुने गरी म्याद थप गर्ने निर्णय गरियो । (विवरण तालिका नं. १ मा संलग्न छ) |
| १९. | बन्दीपुर क्याम्पस शिक्षक अनुदान सम्बन्धमा । | बन्दीपुर गाउँपालिका अन्तर्गत संचालित बन्दीपुर क्याम्पसको लागि आर्थिक वर्ष २०८२/८३ मा बन्दीपुर क्याम्पस शिक्षक अनुदान शिर्षकमा रु.४००००० (चार लाख) विनियोजित भएकोमा उक्त रकमबाट हाल क्याम्पसमा अध्यापनरत प्राध्यापकहरुको तलब भत्ता प्रयोजनको लागि अनुदान रकम निकासा दिने निर्णय गरियो । |
| २०. | चिज कुमार- विष्णुकुमारी सामुदायिक क्याम्पस शिक्षक अनुदान सम्बन्धमा । | बन्दीपुर गाउँपालिका वडा न.१मा संचालित चिज कुमार- विष्णुकुमारी सामुदायिक क्याम्पसको लागि आर्थिक वर्ष २०८२/८३ मा CKBK कयाम्पस शिक्षक अनुदान शिर्षकमा रु. ४००००० (चार लाख) विनियोजित भएकोमा उक्त रकमबाट हाल क्याम्पसमा अध्यापनरत प्राध्यापकहरुको तलब भत्ता प्रयोजनको लागि अनुदान रकम निकासा दिने निर्णय गरियो । |
| २१. | दुध उत्पादनमा आधारित प्रतिलिटर २(दुई) रुपैंया अनुदान कार्यक्रमको याम्पा फाँट दुग्ध उत्पादक सहकारी संस्थालाई भुक्तानी सम्बन्धमा । | बन्दीपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको सहकारी मार्फत दुध उत्पादनमा आधारित प्रतिलिटर २(दुई) रुपैंया अनुदान कार्यक्रमको आवेदन याम्पा फाँट दुग्ध उत्पादक सहकारी संस्थाको एक मात्र आवेदन परेकाले उक्त संस्थाको दुध उत्पादन बजारीकरणका आधारमा अनुदान कार्यक्रम २०८० (पहिलोसंशोधन,२०८३) अनुसार याम्पाफाँट दुग्ध उत्पादक सहकारी संस्थामा दुध १३४३७०.७ लिटर दुध संकलन भएकोमा अन्य पालिकाको किसानवाट २६५३९ लिटर संकलन भएको दुधलाई घटाई बन्दीपुर गाउँपालिका भित्रका किसानवाट मात्र संकलन भएको १३१७१६९.७ लिटरको प्रति लिटर २ (दुई) रुपैंया अनुदानका दरले जम्मा हुन आउने रकम रू २६३४३३९.४ (अक्षरुपी छब्बिस लाख चौंतिस हजार तिन सय उनान्चालिस रूपैंयाचार पैसा चालिस) मात्र याम्पाफाँट दुग्ध उत्पादक सहकारी संस्थालाई भुक्तानी गर्ने निर्णय गरियो । |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| २२. | गरिब निमुखा जेहेन्दार विद्यार्थीलाई प्राबिधिक शिक्षा छात्रवृति सम्बन्धमा । | बन्दीपुर गाउँपालिको अन्तर्गत वडा नं.२ को आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट कार्यक्रम अनुसार वडा भित्रका बिपन्न तथा आर्थिक रुपमा कमजोर विद्यार्थीहरुलाई प्राबिधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन रु.३००००० विनियोजित भएकोमा वडा कार्यालयको सिफारिस तथा निर्णयको आधारमा हाल प्राबिधिक शिक्षा **HA** अध्ययनरत ५ जना विद्यार्थीलाई प्रति विद्यार्थी रु.६०,००० को दरले छात्रवृत्ति रकम सम्बन्धित क्याम्पसको बिल भरपाईको आधारमा छात्रवृति रकम निकासा दिने निर्णय गरियो । |
| २३. | रकमान्तर सम्बन्धमा । | (१.) बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को चालु कार्यक्रम अन्तर्गत बजेट शिर्षक ८०४३८५०५१०५ खर्च शिर्षक २२५११ सि.न.९६ अनुसार विनियोजित कार्यक्रम अन्तर्गतको रु.३५०००० लाई तपसिल अनुसारको कार्यक्रममा रकमान्तर/शिर्षकान्तर गर्ने निर्णय गरियो ।<br>क) हेलम्बु एजुकेशन एण्ड लाइभलिहुड पार्टनरसिप -हेल्प संगको साझेदार कार्यक्रम (साथी शिक्षक)-रु.३००००० (तिन लाख)<br>ख) गाडी भाडा तथा यातायात -रु.५०००० (पचास हजार)<br>(२.) बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को चालु कार्यक्रम अन्तर्गत बजेट शिर्षक ८०४३८५०५१०५ खर्च शिर्षक २२५११ सि.न.९७ अनुसार विनियोजित योजना तथा कार्यक्रम अन्तर्गतको रु.३,५०,००० लाई तपसिल अनुसारको कार्यक्रममा रकमान्तर/शिर्षकन्तर गर्ने निर्णय गरियो\|<br>क) फिल्ड भत्ता -रु.३,१२,००० |
| २४. | बन्दीपुर इसाई समाजलाइ धार्मिक महोत्सब क्रिसमस दिबसको भुक्तानी सम्बन्धमा । | मिति २०८३/०२/११ गतेको बन्दीपुर गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णय अनुसार बन्दीपुर इसाई समाज लाइ धार्मिक महोत्सब क्रिसमस दिबस मनाउँदा लागेको खर्च रु.५००००/- पचास हजार भुक्तानी दिने भनि निर्णय गरेको साथै बन्दीपुर इसाई समाजका अध्यक्षले उक्त कार्यक्रम संचालन गर्नु भएकोले बन्दीपुर इसाई समाजको निर्णय अनुसार इसाई समाज बन्दीपुरका अध्यक्ष यज्ञ बहादुर बुढाथोकीको खातामा आर्थिक सहायता शिर्षकबाट उक्त रकम भुक्तानी दिने निर्णय गरियो । |
| २५. | उपभोक्ता समितिबाट संचालित योजनाको म्याद थप सम्बन्धमा । | बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा उपभोक्ता समितिबाट संचालित योजनाहरुको म्याद २०८३/०३/१५ सम्म भएकोले उक्त योजनाहरुको म्याद २०८३/०३/२५ सम्म थप गर्ने निर्णय गरियो । |
| २६. | भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको नाप जाँच मा खटिने कामदारहरुको पारिश्रमिक भुक्तानी सम्बन्धमा । | भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनको लागी बन्दीपुर गाउँपालिका वडा नं. २,३ भित्रका जग्गाहरु भूमि आयोगको नापी टोलीबाट नाप जाँच गर्ने क्रममा बन्दीपुर गाउँपालिका वडा नं. १ निवासी गोविन्द प्रसाद अधिकारीले मिति २०८०/९/२३ देखि मिति २०८०/१०/३ गते सम्म वडा नं २ भित्रका जग्गाको मुचुल्का कर्ताको रुपमा र मिति २०८०/१०/३ देखि मिति २०८०/१०/१२ गते सम्म वडा नं ३ भित्रका जग्गाहरुको मुचुल्का कर्ताको रुपमा कार्य गर्नु भएको हुदाँ उक्त कार्य |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | अवधि भित्रको डोर हाजिर फाराम अनुसार भुक्तानीको लागि ब.उ.शि.नं. ८०४३८५०५१०६ को भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको नाप जाँच कार्यमा खटिने कर्मचारी तथा कामदारहरुको पारिश्रमिक रकमको खर्च शिषर्क बाट भुक्तानी दिने निर्णय गरियो । |
| २७. | वर्षे सुडान घाँसको ५०% अनुदान रकम श्री याम्पा फाँट दुग्ध उत्पादक सहकारी संस्थालाइ भुक्तानी दिने सम्बन्धमा । | बन्दीपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको वर्षे घाँस ५०% अनुदानमा ९०० के.जी सुडान घाँसको वीउ श्री याम्पा फाँट दुग्ध उत्पादक सहकारी संस्थाले आफै खरिद गरि विल भरपाई तथा वडाको सिफारिस समेत भइ भुक्तानीका लागि पेश हुन आएकाले नियमानुसारको रकम रू. ४५०००/- (अक्षरूपि पैतालिस हजार मात्र) भुक्तानी दिने निर्णय गरियो । |
| २८. | | कृषि विकास शाखाको लागी आ.व २०८२/८३ मा वार्षिक स्वीकृत आधुनिक कृषि मेशिनरी कार्यक्रमको लागी प्राप्त आवेदनहरु मध्ये तपसिल बमोजिम आवेदक छनौट गर्ने निर्णय गरियो । (विवरण तालिका नं. २ मा संलग्न छ) |

**तालिका नं.१ (निर्णय नं.१८ सँग सम्बन्धित)**

| क्र. सं. | ठेक्काको नाम | ठेक्काको विवरण (Contract ID) | म्याद कायम रहेको मिति (सम्म) | म्याद थप गरिने मिति (सम्म) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | Belbhanjyang-Baniyatar Sadak | BRM/NCB/WORKS-Re/05/2082/083 | 2083/03/15 | 2083/06/30 | |
| 2. | Blacktop From Homestay Gate Ramkot | BRM/NCB/WORKS-Re/08/2082/083 | 2083/03/15 | 2083/06/30 | |
| 3. | Kukurdi Simaltar Motor Marg | BRM/NCB/WORKS/02/2082/083 | 2083/03/15 | 2083/06/30 | |
| 4. | Jhargaun Tilhar Marg | BRM/NCB/WORKS/04/2082/083 | 2083/03/15 | 2083/06/30 | |
| 5. | Construction OF Black Top Road From Seratar To Ramkot | BRM/NCB/WORKS/02/2081/082 | 2083/03/15 | 2083/06/30 | |

**तालिका नं.२ (निर्णय नं. २८ सँग सम्बन्धित)**

| क्र.स. | आवेदकको नाम | ठेगाना | मेसिनरीको प्रकार | परिमाण (वटा) | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राजेश थापा | बन्दीपुर-2, कामीडाँडा | मिनिटिलर 7 HP, डिजेल | 1 | ९८२५१९९९३७ | |
| २ | सिर बहादुर मगर | बन्दिपुर - १ | २२० volt | 1 | ९८०५८८३३९५ | |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष